आठौ गाउँसभा

आर्जमिति २०७६ साल आषाढ महिनाको ९ गतेका दिन यस बारेकोट गाउँपालिकाको आठौ औं गाउँसभाको दोश्रो बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यू को अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिती

| क.स. पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|
| १) श्री महेन्द्र बहादुर शाह | अध्यक्ष बारेकोट गाउँपालिका | |
| २) श्री ओमा शाही | उपाध्यक्ष बारेकोट गाउँपालिका | |
| ३) श्री द्वारिका प्रसाद बुढा | सदस्य गाउँसभा | |
| ४) श्री देउमा बुढा | सदस्य गाउँसभा | |
| ५) श्री मैसरी नेपाली | सदस्य गाउँसभा | |
| ६) श्री बिर्ख बहादुर नेपाली | सदस्य गाउँसभा | |
| ७) श्री जय बहादुर नेपाली | सदस्य गाउँसभा | |
| ८) श्री कर्ण कामी | सदस्य गाउँसभा | |
| ९) श्री ममिता पुन (घर्ती) | सदस्य गाउँसभा | |
| १०) श्री सिता परियार | सदस्य गाउँसभा | |
| ११) श्री खड्ग बहादुर गिरी | सदस्य गाउँसभा | |
| १२) श्री ओम बहादुर नेपाली | सदस्य गाउँसभा | |
| १३) श्री मन बहादुर शाही | सदस्य गाउँसभा | |
| १४) श्री धनकला बोहरा | सदस्य गाउँसभा | |
| १५) श्री कमला नेपाली | सदस्य गाउँसभा | |
| १६) श्री प्रेम बहादुर बोहरा | सदस्य गाउँसभा | |
| १७) श्री मुन बहादुर बोहरा | सदस्य गाउँसभा | |
| १८) श्री सिर्जना बस्नेत | सदस्य गाउँसभा | |
| १९) श्री मैमा बोहरा | सदस्य गाउँसभा | |
| २०) श्री शिला सार्की | सदस्य गाउँसभा | |
| २१) श्री जय बहादुर रावत | सदस्य गाउँसभा | |
| २२) श्री कर बहादुर सिंह | सदस्य गाउँसभा | |
| २३) श्री अजबीर सिंह | सदस्य गाउँसभा | |

Scanned with CamScanner

| | |
|---|---|
| २४) श्री जय बहादुर सिंह | सदस्य गाउँसभा |
| २५) श्री भक्त बहादुर बस्नेत | सदस्य गाउँसभा |
| २६) श्री रंजा सिंह | सदस्य गाउँसभा |
| २७) श्री किकरी नेपाली | सदस्य गाउँसभा |
| २८) श्री तिले महतारा | सदस्य गाउँसभा |
| २९) श्री मायादेवि चलाउने | सदस्य गाउँसभा |
| ३०) श्री तुल्सी नेपाली | सदस्य गाउँसभा |
| ३१) श्री मकर बहादुर कार्की | सदस्य गाउँसभा |
| ३२) श्री देव बहादुर चलाउने | सदस्य गाउँसभा |
| ३३) श्री बसन्त शाही | सदस्य गाउँसभा |
| ३४) श्री सुन्तली बुढा | सदस्य गाउँसभा |
| ३५) श्री सुन्दरी सार्की | सदस्य गाउँसभा |
| ३६) श्री डिल बहादुर बस्नेत | सदस्य गाउँसभा |
| ३७) श्री राजवीर बस्नेत | सदस्य गाउँसभा |
| ३८) श्री लालभक्त सिंह | सदस्य गाउँसभा |
| ३९) श्री पार्वती खत्री | सदस्य गाउँसभा |
| ४०) श्री सुचिता बि.क. | सदस्य गाउँसभा |
| ४१) श्री मान बहादुर सिंह | सदस्य गाउँसभा |
| ४२) श्री कृष्ण बहादुर रावल | सदस्य गाउँसभा |
| ४३) श्री शशिराम ~~बुढा~~ गौतम | सदस्य गाउँसभा |
| ४४) श्री मनमाया बुढा | सदस्य गाउँसभा |
| ४५) श्री कमारी नेपाली | सदस्य गाउँसभा |
| ४६) श्री मन बहादुर कामी | सदस्य गाउँसभा |
| ४७) श्री धन बहादुर महतारा | सदस्य गाउँसभा |
| ४८) श्री ऐन बहादुर परियार | सदस्य गाउँसभा |
| ४९ श्री धनबीर कामी | सदस्य गाउँसभा |
| ५०) श्री रुद्र बहादुर पछाई | सदस्य सचिव गाउँसभा |

प्रस्ताव तथा निर्णयहरुको विस्तृतीकरण यस प्रकार छ।

**प्रस्ताव नं. १ बारेकोट गाउँपालिकाको आर्थिक विधेयक, २०७६ सम्बन्धमा।**

निर्णय नं. १: प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा गाउँ कार्यपालिकाबाट मिति २०७६।०३।०७ मा सैद्धान्तिक छलफल भई उक्त कार्यपालिकाको बैठकबाट समेत स्वीकृत भई आएको बारेकोट गाउँपालिकाको आर्थिक विधेयक, २०७६ यस गाउँसभाम यस सभाका सदस्य एवं विधायन समितिका संयोजक श्री शशिराम गौतम ज्यूले प्रस्तुत गर्नु भयो। उक्त विधेयकमा सभाक सदस्य ज्यूहरु शशीराम गौतम, भक्त बहादुर बस्नेत, सिर्जना बस्नेत, विर्ख बहादुर नेपाली लगायतका सदस्यहरुले आफ्नो धारण राख्नु भयो। साथै धारणा राखे पश्चात उक्त विधेयक माथि दफावार छलफल भई यस सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.२ : वार्षिक बजेट वक्तव्य एव बजेट तथा कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. २** : प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा यस गाउँपालिकाको वार्षिक बजेट वक्तव्य तथा उक्त बजेट वक्तव्य अनुसार विषयगत रुपमा विनियोजन भएको आय व्यय सहितको वार्षिक बजेट तथा कार्यक्रम गाउँ कार्यपालिकाबाट मिति २०७६।०३।०७ र ८ गते व्यापक छलफल भई सैद्धान्तिक स्वीकृति प्रदान गरी यस सभामा पेश भएको कुल रु. ३४ करोड ३८ लाख १७ हजार को बजेट यस गाउँसभामा यस सभाका सदस्य श्री बसन्त शाही ज्यूले प्रस्तुत गर्नु भयो। साथै उक्त बजेट तथ कार्यक्रमलाई व्यापक रुपमा छलफलका लागि आजैका मिति देखि विषयगत समितिहरुमा पठाउने निर्णय गरियो। उक्त बजेट तथा कार्यक्रमलाई मिति २०७६।०३।१२ गते छलफल गरी पास गर्नका लागि गाउँसभाको बैठक आह्वान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: यस गाउँपालिकाको आवधिक योजना सम्बन्धमा।**

**निर्णय नं. ३ :** यस गाउँपालिकाबाट आ.व. २०७५।७६ मा गाउँपालिकाका सम्पूर्ण वडाहरुलाई समावेश गरी विस्तृत रुपम अध्ययन तथा अनुसन्धान गरी गाउँपालिकाको आवधिक योजना तयार गर्ने प्रयोजनका लागि नियमानुसार श्री सुगी कन्सल्टेन्ट प्रा.लि.कुपण्डोल, ललितपुर सँग सम्झौता भई कार्य सम्पन्न गरी अन्तिम रिपोर्ट यस गाउँपालिकाको गाउँकार्यपालिकामा समेत छलफल भई यस सभामा प्रस्तुत भएको छ। उक्त रिपोर्ट यस सभामा व्यापक छलफल भई उक्त फर्मको परामर्शदाताले पेश गरेको अन्तिम रिपोर्टलाई स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४: प्रोत्साहन भत्ता सम्बन्धमा।**

**निर्णय नं.४:** यस गाउँसभाबाट पारित भएको कर्मचारी तथा पदाधिकारीको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७४ अनुसार गाउँ सभाको संचालन तथा व्यवस्थापन गर्नका लागि उक्त कार्यमा अहोरात्र खटिने कर्मचारीहरुका लागि निजले प्राप्त गर्ने १ महिनाको तलब बराबरको रकम थप प्रोत्साहन भत्ता बापत उपलब्ध गराउने व्यवस्था भएकोले यस आ.व. २०७६।७७ को बजेट तथा कार्यक्रम तयार गर्न तथा अन्य तयारीका लागि खटिएका देहाय बमोजिमका १० जना कर्मचारीहरुलाई उक्त सुविधा आ.व २०७६।७७ को बजेटबाट उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | कर्मचारीको नाम | पद | प्रोत्साहन भत्ता रु. |
|---|---|---|---|
| १ | रुद्र बहादुर पछाई | प्रमुख प्रशासकीय अधिकृत | रु.३०,५००।०० |
| २ | विरराज सिहँ | अधिकृत छैटौ(स्वास्थ्य संयोजक) | रु.३०,५००।०० |
| ३ | गोविन्द ब.सिहँ | अधिकृत छैटौ(पशुपंक्षी शाखा संयोजक) | रु.३०,५००।०० |
| ४ | गज बहादुर सिहँ | लेखापाल | रु.२३,५००।०० |
| ५ | श्रम बहादुर सिहँ | कार्यक्रम अधिकृत | रु.३०,५००।०० |
| ६ | बिन बहादुर शाह | लेखा तथा प्रशासन सहायक | रु.२३,५००।०० |
| ७ | दिप बहादुर महतारा | पोषण स्वयंसेवक | रु. १४,५००।०० |
| ८ | डम्मर बहादुर क्षेत्री | कृषि विकास शाखा संयोजक | रु.२२,१७०।०० |
| ९ | नन्दलाल रोकाय | का.स | रु.१६,२३०।०० |
| १० | लोकेन्द्र बहादुर सिंह | का.स. | रु.१२,०००।०० |
| जम्मा रु |  |  | रु. २,३३,९००।०० |

**प्रस्ताव नं.५: यस गाउँपालिका अन्तर्गत संचालित विभिन्न विद्यालयहरुमा कक्षा थप गर्ने तथा शैक्षिक सँस्था स्थापना सम्बन्धमा ।**

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथिको व्यापक छलफलबाट देहायका निर्णयहरु गरियो ।

५(क) श्री सरस्वती मा.वि. सिलिङ्गीचौरले मिति २०७५।११।१५ मा कक्षा थप गर्न अनुमति पाउँ भनी यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिएको थियो । उक्त निवेदनको अध्ययन पश्चात गाउँ शिक्षा समितिको बैठकको निर्णय र गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार उक्त सिलिङ्गचौर मा.वि.लाई कक्षा ११ र १२ मा वाणिज्य संकाय संचालन गर्ने गरी शैक्षिक सत्र २०७६ बाट कक्षा ११ थप गर्न अनुमति दिने ।

५(ख) वडा नं. ४ मा हाल सम्म कुनै पनि विद्यालयमा मा.वि. तह संचालन हुन नसकेकोले विद्यार्थीहरुलाई करीव २ घण्टा भन्द बढी पैदल हिडी कक्षा ९ र १० अध्ययन गर्नु पर्ने भएकोले उक्त समस्यालाई मध्यनजर गरी आगामी शैक्षिक सत्रबाट उक्त वडाको सबैलाई पायक पर्ने स्थानमा मा.वि.तह संचालनका लागि आवश्यक प्रकृया शुरु गरी भौतिक पूर्वाधार समेतको तयारीक लागि आवश्यक व्यवस्था मिलाउने ।

५(ग) यस गाउँपालिका भित्र पायक पर्ने स्थानमा एक पोलि क्लिनिक, एक प्राविधिक शिक्षालय र एक स्नातक तह पठनपाठन गर्ने क्याम्पस स्थापना र संचालनका लागि सम्वन्धित निकायमा पहल गर्ने ।

**प्रस्ताव नं. ६ : आगामी आ.व.२०७६।७७ मा डी.पी.आर.गर्नु पर्ने झो.पु.छनौट सम्बन्धमा ।**

निर्णय नं. ६ : आगामी आ.व.२०७६।७७ देखि यस गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा देहायका झो.पु.हरुको डी.पी.आर गर्नका लागि तपसिल बमोजिम प्राथमिकता निर्धारण गरी छनौट गर्ने निर्णय गरियो ।

१. कोटली खोला झो.पु. वडा नं. १

२. इग्रेनी झो.पु. बारेकोट ६ र ७

३. कुनावगर झो.पु. बारेकोट ७

४. जालतरी झो.पु. बारेकोट ४

५. हपल्ली दह झो.पु. बारेकोट ४

६. राङ्गदुना झो.पु. बारेकोट १ र ५

७. टापु झो.पु.बारेकोट ८ र ९

८. गात चौर झो.पु बारेकोट ३पप

महेन्द्र बहादुर शाह
अध्यक्ष

Scanned with CamScanner